# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर,नवलपरासी(बर्दघाट,सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ :०७८-५७५०१०
इमेल : devchulimunicipality@gmail.com

पत्रसंख्या : २०७९/०८०

मिति :२०८० /०२/१८

चलानी नं. 2305

श्री वडा कार्यालय (१-१७) सबै ,

**बिषय :- पुर्व निर्मित भवन अभिलेखीकरण गर्ने सम्बन्धमा .**

प्रस्तुत बिषयमा देवचुली नगरपालिका नगरकार्यपालिकाको मिति २०७९/०८/२९ गतेको निर्णय बमोजिम यस पूर्व मिति २०७९/०९/०५ गते पुर्व निर्मित घर /भवन अभिलेखीकरण गर्न सार्वजनिक सूचना प्रकाशित गरिएको तथा सोहि बमोजिम अभिलेख हुने कार्य भैरहेकोमा अब ४५ दिन मात्र बाकी रहेको र अभिलेख/नियमित तथा समय भित्र दर्ता गर्ने कार्य अन्तिम पटक मात्र भएकाले यस पत्र साथ संग्लन सूचना टाँस गरि वडाको सम्बन्धित सबैलाई जानकारी गराई पुर्व निर्मित / निर्माणधीन घर /भवन अभिलेखीकरण गर्न अन्तिम पटकको लागि सूचना प्रकाशन भएको हुँदा सुचनामा तोकिएको म्याद भित्र आवश्यक कागजात लिई देवचुली नगरपालिकाको नक्सा पास शाखामा पठाउनुहुन अनुरोध छ।

.............................................
प्रमुख प्रशासकीय अधिकृत

# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर,नवलपरासी(बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश,नेपाल

☎ :०७८-५७५०१०,०७८-५७५४७६
इमेल : devchulimunicipality@gmail.com


पत्रसंख्या : २०७९/०८०

**अन्तिम पटक प्रकाशित मिति ( २०८०/०२/१८)**

**बिषय : पुर्व निर्मित भवन अभिलेखीकरण/ नियमित गर्ने सम्बन्धी अत्यन्त जरुरी सार्बजनिक सूचना।**

देवचुली नगरपालिका नगर कार्यपालिकाको मिति २०७९/०८/२९ मा बसेको बैठकबाट पुर्व निर्मित भवन अभिलेखीकरण गर्ने निर्णय भइ मिति २०७९/०९/०५ गते सूचना आवहान भएकोमा कोहि छुट नहुने प्रयोजनका लागि यस नगरपालिका क्षेत्र भित्र यस अघि "बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ (दोस्रो संसोधन २०७९/०२/१५) लागु हुनुपूर्व निर्मित तथा निर्माण शुरु गरेका भवनहरु एबंम नक्सा पास इजाजत लिई मापदण्ड बिपरित बनेका सम्पूर्ण भवनहरुको निश्चित मापदण्डको आधारमा अभिलेखीकरण प्रयोजनका लागि तपशिलमा उल्लेख गरिएका कागजात पुरा गरि २०८० असार मसान्तसम्म निवेदन पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै पुर्व निर्मित भवन अभिलेखीकरण गर्ने अन्तिम पटकको लागि सूचना प्रकाशित भएको हुदा म्याद नाघी आएका निवेदन उपर कुनै कारबाही नहुने र अब उपरान्त नक्सा पास /अभिलेखीकरण नगरेका भवनहरुलाई नगरपालिकाबाट उपलब्ध हुने सम्पूर्ण सेवाहरुबाट बन्चित गराइने व्यहोरा समेत अनुरोध छ । साथै संधियारको जग्गा,सरकारी /सार्बजनिक जग्गा ,नदी ,खोला ,कुलो ,सडक मापदण्ड ,राजमार्ग ,हाइवेको अधिकार क्षेत्र भित्र निर्माण भएका कुनै पनि भवन नगरपालिको अभिलेखमा पर्ने छैनन् ।

**तपशिल :**

१. निवेदन
२. नागरिकताको प्रतिलिपि
३. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
४. प्रमाणित सक्कल नापी नक्सा
५. चारकिल्ला
६. वडा कार्यालयको जनप्रतिनिधिको रोहवरमा फिल्ड निरीक्षण गरि पठाएको सर्जमिन मुचुल्का
७. जग्गाको मालपोत, घर जग्गा कर तिरेको रसिद प्रतिलिपि
८. नगरपालिकामा सुचिकृत कन्सल्टेन्सीबाट तयार पारेको नक्सा २ प्रति
९. जग्गाधनीको पासपोर्ट साइजको फोटो २ थान
१०.पुरै मोहोडा र तला स्पष्ट देखिने घरको फोटो ( चारै तिरको )
११.घरधनीले नगरपालिका समक्ष गरेको कबुलियतनामा

**पुनश्च :** यस पुर्व दर्ता भएका ,१५ दिने सूचना जारी भए-नभएका ,राजस्व बुझाएका तथा अनुमती लगेका लगायत नक्सापासको बिभिन्न प्रकियामा रहेका घरहरुलाई समेत निश्चित मापदण्डको आधारमा थप जरिवाना लिई नियम अनुसार सम्पन्न ,नियमित तथा अभिलेखीकरण गर्ने हुँदा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner